**तमानखोला गाउँपालिका**

# स्थानीय राजपत्र

**खण्ड : ५** **संख्या : ५** **मिति : २०७८/०७/०३**

**भाग-२**

**तमानखोला गाउँपालिका**

**तमानखोला गाउँपालिकाको पुरस्कार तथा खेलाडी सम्मान कार्यविधि, २०७८**

**आज्ञाले,**
**विकास लम्साल**
**प्रमुख प्रशासकीय अधिकृत**

# पुरस्कार तथा खेलाडी सम्मान कार्यविधि,२०७८

**प्रस्तावनाः**

राष्ट्रिय तथा अन्तराष्ट्रिय,प्रदेश तथा अन्तर प्रदेश,जिल्ला तथा अन्तर जिल्ला,पालिका तथा अन्तरपालिका खेलकुद प्रतियोगितामा ट्रफी वा पदक सहित महत्पूर्ण स्थान प्राप्त गरी गाउँपालिका र गाउँपालिका वासीको गौरव बढाउन योगदान पुराउन सफल खेलाडी तथा प्रशिक्षक लाई सम्मान तथा पुरस्कार प्रदान गर्ने सम्बन्धमा आवश्यक कार्यविधि बनाउन वान्छनीय भएकाले तमानखोला गाउँपालिकाले यो कार्यविधि बनाएको छ ।

**१ संक्षिप्त नाम र प्रारम्भ :**

१) यस कार्यविधिको नाम पुरस्कार तथा खेलाडी सम्मान कार्यविधि,२०७८ रहेको छ ।

२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

**२ परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ लागेमा :

१) खेलकुद भन्नाले शारिरिक,मानसिक,बौद्धिक तथा संवेगात्मक विकासका लागी राष्ट्रिय तथा अन्तराष्ट्रिय,प्रदेश तथा अन्तर प्रदेश,जिल्ला तथा अन्तर जिल्ला,पालिका तथा अन्तरपालिका स्तरमा नेपाल सरकार वा खेलकुद परिषद वा आधिकारीक संघ सस्थाले औपचारीक रुपमा सञ्चालन गरेको प्रतियोगिता सम्झनु पर्दछ ।

२) पुरस्कार तथा भन्नाले सम्मान शारिरिक,मानसिक,बौद्धिक तथा संवेगात्मक विकासका लागी राष्ट्रिय तथा अन्तराष्ट्रिय,प्रदेश तथा अन्तर प्रदेश,जिल्ला तथा अन्तर जिल्ला,पालिका तथा अन्तरपालिका स्तरमा नेपाल सरकार वा खेलकुद परिषद वा आधिकारीक संघ सस्थाले औपचारीक रुपमा सञ्चालन गरेको प्रतियोगिता प्रथम,द्धितिय,तृतीय,टिम च्याम्पियन,ट्रफि वा पदक हासिल गरेको अवस्थामा प्रदान गरिने जिन्सी वा रकम लाई सम्झनु पर्दछ ।

३) राष्ट्रिपति रनिङ शिल्ड प्रतियोगिता भन्नाले विद्यालय स्तरमा खेल प्रतिभाको खोजी गर्न सञ्चालन गरिने खेलकुद प्रतियोगितालाई सम्झनु पर्दछ ।

४) परिषद भन्नाले राष्ट्रिय खेलकुद परिषदलाई सम्झनु पर्दछ ।

५) समिति भन्नाले दफा ३ बमोजिम खेलाडी तथा प्रशिक्षक लाई सम्मान तथा पुरस्कार प्रदानगर्न गठित सिफारिस समितिलाई बुझनुपर्दछ ।

६) महत्पूर्ण स्थान भन्नाले खेलकुद प्रतियोगितामा प्रथम,द्धितिय,तृतीय,टिम च्याम्पियन,ट्रफि वा पदक हासिल गरेको अवस्थालाई सम्झनु पर्दछ ।

**३ सिफारिस समिति सम्बन्धी व्यवस्था :**

१) महत्पूर्ण स्थान हासिल गर्न सफल खेलाडी,प्रशिक्षक,सायक प्रशिक्षक लाई यस निर्देशिका बमोजिको पुरस्कार तथा सम्मानको लागी गाउँपालिका समक्ष सिफारिस गर्न देहाय बमोजिमको समिति रहने छ ।

क) गाउँपालिका प्रमुख वा गाउँपालिका प्रमुखले तोकेको कार्यपालिका सदस्य -संयोजक

ख) गाउँपालिकामा खेलकुद क्षेत्रमा योगदान पुराएको खेलप्रेमी मध्येबाट समितिले छानेको एक जना- सदस्य

ग) गाउँपालिकाको खेलकुद संयोजक -सदस्य

घ) गाउँकार्यपालिका सदस्य मध्येबाट संयोजकले तोकेको १ जना -सदस्य

घ) शिक्षा,युवा तथा खेलकुद शाखा प्रमुख -सदस्य सचिव

२ समितिको बैठक वर्षको कम्तीमा चार पटक बस्नेछ ।

३ समितिको बैठक समितिको निर्देशनमा सदस्य सचिवले बोलाउने छ ।

४ समितिको बैठक समितिको संयोजकको अध्यक्षतामा बस्नेछ ।

५ समितिको बैठक सम्बन्धी अन्य कार्यविधि तथा पुरस्कार तथा सम्मानको लागी सिफारिस गर्दा अपनाउने अन्य प्रकृयाँ सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

६ समितिको सचिवालयको काम शिक्षा,युवा तथा खेलकुद शाखाले गर्ने छ ।

**४ पुरस्कार तथा सम्मान प्रदान गरिने :**

गाउँपालिकाले राष्ट्रिय तथा अन्तराष्ट्रिय,प्रदेश तथा अन्तर प्रदेश,जिल्ला तथा अन्तर जिल्ला,पालिका तथा अन्तरपालिका स्तरमा नेपाल सरकार वा खेलकुद परिषद वा आधिकारीक संघ सस्थाले औपचारीक रुपमा सञ्चालन गरेको प्रतियोगिता प्रथम,द्धितिय,तृतीय,टिम च्याम्पियन,ट्रफि वा पदक हासिल गर्ने खेलाडी,प्रशिक्षक,सायक प्रशिक्षक लाई अनुसुचि १ मा उल्लेख भए बमोजिमको नगद र सम्मान पत्र प्रदान गरिने छ सो नगद रकम समितिको सिफारिसमा गाउँकार्यपालिकाले संशोधन गर्न सक्ने छ ।

**५ पुरस्कार तथा सम्मानका लागी निवेदन तथा सिफारिसको व्यवस्था :**

महत्पूर्ण स्थान हासिल गर्न सफल खेलाडी,प्रशिक्षक,सायक प्रशिक्षकले सम्मान तथा पुरस्कारका लागी खेलकुद प्रतियोगिता सम्पन्न भएको ७ दिन भित्र देहायका विवरण तथा कागजात संग्लन गरी गाउँपालिकामा निवेदन पेश गर्नु पर्ने छ ।

क) खेलकुद प्रतियोगितामा आयोजकबाट प्रदान गरिएको प्रमाण पत्रको प्रतिलिपि,

ख) त्यस्तो प्रतियोगितामा भाग लिन गाउँपालिकाको स्वीकृतीमा गएको प्रमाण,

ग) खेलकुद प्रतियोगितामा कार्यविधि अनुसार खर्च गरेको रकमको विल भरपाई,

**६ कार्यक्रम आयोजना गरी पुरस्कार तथा सम्मान प्रदान गर्नेः**

सम्मानका लागी सिफारिस भएका महत्पूर्ण स्थान हासिल गर्न सफल खेलाडी,प्रशिक्षक,सायक प्रशिक्षकलाई गाउँपालिकाले कार्यक्रम आयोजना गरी पुरस्कार तथा सम्मान प्रदान गर्ने छ ।

**७ खेल भत्ता र आतेजाते खर्चको व्यवस्था :**

गाउँपालिकाको स्वीकृतीमा खेलकुद प्रतियोगितामा सहभागि हुन जाने खेलाडी,प्रशिक्षक,सायक प्रशिक्षकलाई दैनिक १६०० का दरले खेलकुद भत्ता र यातायात समितिले निर्धारण गरेको गाडि भाडा उपलब्ध गराइने छ ।

**८ बजेटको व्यवस्था :**

यस कार्यविधि बमोजिम प्रदान गरिने खेलकुद पुरस्कार र सम्मान र अन्य आवश्यक रकमको व्यवस्था तमानखोला गाउँपालिकाको आर्थीक वर्षको खेलकुद विकास कोष तर्फ विनियोजित बजेट बाट गरिने छ ।

अनुसुचि १

महत्पूर्ण स्थान हासिल गर्न सफल खेलाडी,प्रशिक्षक,सायक प्रशिक्षकले सम्मान तथा पुरस्कार

| क.स. | प्रतियोगित | व्यक्तिगत | | सामुहिक (प्रत्येकलाई) | | प्रशिक्षक (एक जना) | | साहायक प्रशिक्षक (तीन जना) | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | पदक | रकम | पदक | रकम | पदक | रकम | पदक | रकम |
| १ | पालिका स्तरिय | स्वर्ण | २५०० | स्वर्ण | २५०० | स्वर्ण | २५०० | स्वर्ण | २००० |
| | | रजत | २००० | रजत | २००० | रजत | २००० | रजत | १५०० |
| | | कास्य | १५०० | कास्य | १५०० | कास्य | १५०० | कास्य | १००० |
| २ | जिल्ला स्तरिय | स्वर्ण | ३००० | स्वर्ण | ३००० | स्वर्ण | ३००० | स्वर्ण | २५०० |
| | | रजत | २५०० | रजत | २५०० | रजत | २५०० | रजत | २००० |
| | | कास्य | २००० | कास्य | २००० | कास्य | २००० | कास्य | १५०० |
| ३ | प्रदेश स्तरिय | स्वर्ण | ५००० | स्वर्ण | ५००० | स्वर्ण | ५००० | स्वर्ण | ३००० |
| | | रजत | ३००० | रजत | ३००० | रजत | ३००० | रजत | २००० |
| | | कास्य | २००० | कास्य | २००० | कास्य | २००० | कास्य | १५०० |
| ४ | राष्ट्रिय | स्वर्ण | १०००० | स्वर्ण | १०००० | स्वर्ण | १०००० | स्वर्ण | ५००० |
| | | रजत | ७००० | रजत | ७००० | रजत | ७००० | रजत | ३००० |
| | | कास्य | ५००० | कास्य | ५००० | कास्य | ५००० | कास्य | २००० |
| ५ | अन्तराष्ट्रिय | स्वर्ण | २०००० | स्वर्ण | २०००० | स्वर्ण | २०००० | स्वर्ण | १०००० |
| | | रजत | १५००० | रजत | १५००० | रजत | १५००० | रजत | ७००० |
| | | कास्य | १०००० | कास्य | १०००० | कास्य | १०००० | कास्य | ५००० |